# त्रिभुवन विश्वविद्यालय
## मानविकी तथा सामाजिक शास्त्र सङ्काय
## डीनको कार्यालय
कीर्तिपुर, काठमाडौं

Faculty of Humanities & Social Sciences
Dean's Office
Kirtipur

चलानी नं. ..................

**पुरस्कार सम्बन्धी आवेदन दिने बारेको सूचना ।**

प्रस्तुत् विषयमा त्रिभुवन विश्वविद्यालयको ६५ औं वार्षिक दिवसको अवसरममा दाताहरूबाट विभिन्न विधामा स्थापित पुरस्कारहरूका लागि त्रि.वि. समन्वय महाशाखाबाट मिति २०८०।१२।१९ गतेको दैनिक गोरखापत्रमा प्रकाशित सूचना अनुसार मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत अध्ययन गरेका योग्य उम्मेदवारहरूले मिति २०८१ बैशाख ०५ गते भित्र डीन कार्यालयमा आवेदन र शोधपत्र बुझाउन हुन यो सूचना प्रकाशित गरिएको छ ।

(क) **कृष्णचन्द्र रेग्मी पुरस्कार**
विज्ञान तथा प्रविधि अध्ययन संस्थान, मानविकी तथा सामाजिकशास्त्र, व्यबस्थापन, शिक्षाशास्त्र र कानून सङ्काय अन्तर्गतका विद्यार्थीहरूले नेपाल सम्बन्धी विषयमा शोधार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण

(ख) **महेशचन्द्र-मनदेवी रेग्मी पुरस्कारः**
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतका विद्यार्थीहरूले अर्थशास्त्र वा इतिहास विषयमा शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण

(ग) **श्री बाबुकृष्ण रिजाल पुरस्कारः**
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतका विद्यार्थीहरूले नेपाली इतिहास, संस्कृति र पुरातत्व विषयमा उत्कृष्ट शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तहमा प्रथम श्रेणीमा उत्तीर्ण

(घ) **श्री बेलुविश्वेश्वर चटौत स्मृति पुरस्कारः**
मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गतका आङ्गिक क्याम्पसबाट भाषा विज्ञान र पत्रकारिता विषयमा स्नातकोत्तर तहका विद्यार्थी भर्ना समूह २०७५-२०७७ को त्रि.वि. बाट सञ्चालित नियमित अन्तिम परीक्षासम्म कुनै पनि विषय नलागी (हरेक खन्डको एकैपटक पूरा विषय) उत्तीर्ण गरी सर्वोत्कृष्ट अङ्क हासिल गरेका २०८० सालको दीक्षान्त कार्यक्रममा सहभागी हुन योग्य तथा ग्रेस लिष्टमा नामाङ्कन भएका विद्यार्थीहरू

मिति : २०८०।१२।२०

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
शिक्षाध्यक्षको कार्यालय
Office of the Rector
# समन्वय महाशाखा
# COORDINATION DIVISION

कीर्तिपुर, काठमाडौं
नेपाल
Kirtipur, Kathmandu
Nepal

पत्र संख्या / Ref. No.: स.शा. (४) च.नं. ११२५/०८०

मिति / Date: २०८०।१२।१९

श्री मानविकी तथा सामाजिक शास्त्र संकाय,
डीनको कार्यालय, त्रि.वि., बल्खु ।

विषयः- पुरस्कार बारे ।

त्रिभुवन विश्वविद्यालयको ६५ औं वार्षिक दिवसको अवसरमा दाताहरुबाट विभिन्न विधामा स्थापित पुरस्कारहरु **"श्री कृष्णचन्द्र रेग्मी पुरस्कार"** रु. ५०००।- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र), **"श्री बाबुकृष्ण रिजाल पुरस्कार"** रु. २५००१।- (अक्षरेपी पच्चिस हजार एक रुपैयाँ मात्र), **"श्री बेलुबिश्वेश्वर चटौत स्मृति पुरस्कार"** रु. २५,०००।- (अक्षरेपी पच्चिस हजार रुपैयाँ मात्र) र **"श्री महेशचन्द्र - मनदेवी रेग्मी पुरस्कार"** रु. २०,००१।- (अक्षरेपी बीस हजार एक रुपैयाँ मात्र) नगद र प्रमाणपत्र प्रदान गरिने हुँदा उल्लेखित शिर्षकहरुमा पुरस्कारको लागि सम्बन्धित विद्यार्थीहरुले आवेदन दिनका लागि यस महाशाखावाट १५ दिनको समय दिई मिति २०८०।१२।१९ को गोरखापत्र दैनिकमा प्रकाशित भएको सूचना यसै साथ संलग्न गरिएको छ । व्यहोरा सोही सूचनावाट अवगत हुनेनै छ । उक्त सूचना अनुसार त्यस संकायका सम्बन्धित निकायहरुलाई पुरस्कार सम्बन्धी जानकारी गर्नु/गराउनका साथै पुरस्कारको लागि विद्यार्थीहरुवाट प्राप्त हुने आवेदनहरु र सोधपत्रहरु यही मिति २०८१ बैशाख ९ गते भित्र यस महाशाखामा आईपुग्ने गरी पठाइदिने व्यवस्थाको लागि अनुरोध गर्दछु । विद्यार्थीहरुले त्यस संकायमा आवेदन नगरेको खण्डमा यस महाशाखामा सो को समेत जानकारी पठाई दिने व्यवस्थाको लागि अनुरोध गर्दछु ।

--------------
दिपक तिवारी
नि.प्रमुख

त्रिभुवन विश्वविद्यालय
शिक्षाध्यक्षको कार्यालय
समन्वय महाशाखाको
**पुरस्कार सम्बन्धी सूचना**

त्रिभुवन विश्वविद्यालयको ६४औं वार्षिक दिवसको अवसरमा त्रि.वि. का अध्ययन संस्थान र संकाय अन्तर्गत आ.व. २०७९।०८० (२०७९ श्रावण देखि २०८० असार मसान्त सम्म) तपसिल बमोजिमका नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने भएकोले निम्न बमोजिम उल्लेख गरिएका पुरस्कारहरुको नाममा निर्धारित मापदण्ड भित्र पर्ने विद्यार्थीहरुले सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र आइपुग्ने गरी सम्बन्धित क्याम्पस/कार्यालयको पत्र सहित अध्ययनसंग सम्बन्धित डीन कार्यालयमा दुई/दुई प्रति शोधपत्र, व्यक्तिगत विवरण, पासपोर्ट साईजको फोटो, नागरिकताको फोटोकपि, शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि (स्नातकोत्तर तहको ट्रान्सक्रप्ट र ओरिजिनल सर्टीफिकेटको प्रतिलिपि) समेत संलग्न गरी आवेदन दिन यो सूचना प्रकाशित गरिएको छ। निर्धारित १५ दिन भित्र सम्बन्धित डीन कार्यालयहरुमा प्राप्त भएका आवेदनहरु डीन कार्यालयहरुले ५ दिन भित्र समन्वय महाशाखामा सिफारिस सहित पठाउनु पर्ने छ। रीत नपुगी वा म्याद नाघी प्राप्त हुने आवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अवगत गराउदै आवेदनसाथ प्राप्त शोधपत्रहरुको मूल्यांकनपछि उत्कृष्ट ठहरिएकोलाई पुरस्कृत गरिने र अन्य फिर्ता गरिनेछ। पुरस्कार सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार त्रि.वि. मा सुरक्षित रहने छ।

१. **श्री कृष्णचन्द्र रेग्मी पुरस्कार, कोटा - १**
   क) विज्ञान तथा प्रविधि अध्ययन संस्थान, मानविकी तथा सामाजिकशास्त्र, व्यवस्थापन, शिक्षाशास्त्र र कानून संकाय अन्तर्गतका विद्यार्थीहरुले "नेपाल सम्बन्धि" विषयमा शोधकाय (थेसिस) गरी स्नातकोत्तर तह उत्तीर्ण गरेको हुनु पर्ने।
   ख) प्रमाण पत्र सहित नगद रु. ५,०००।- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र)

२. **श्री महेशचन्द्र - मनदेवी रेग्मी पुरस्कार, कोटा - १**
   क) मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विद्याथीहरुले "अर्थशास्त्र वा इतिहास" विषयमा शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह उत्तीण गरेको हुनु पर्ने।
   ख) प्रमाण पत्र सहित नगद रु. २०,००१।- (अक्षरेपी बीस हजार एक रुपैयाँ मात्र)

३. **श्री बाबुकृष्ण रिजाल पुरस्कार, कोटा - १**
   क) मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विद्याथीहरुले "नेपाली इतिहास, संस्कृति र पुरातत्व" विषयमा उत्कृष्ट शोधकार्य (थेसिस) गरी स्नातकोत्तर तह प्रथम श्रेणीमा उत्तिर्ण गरेको हुनु पर्ने।
   ख) प्रमाण पत्र सहित नगद रु. २५,००१।- (अक्षरेपी पच्चिस हजार एक रुपैया मात्र)

४. **बेलुविश्वेश्वर चटौत स्मृति पुरस्कार, कोटा - २** (भाषा विज्ञानमा -१, पत्रकारितामा -१)
   क) त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र संकायका आङ्गिक क्याम्पसबाट भाषा विज्ञान र पत्रकारिता विषयमा स्नातकोत्तर तहका विद्यार्थी भर्ना समूह २०७५-२०७७ को त्रि.वि. बाट संचालित नियमित अन्तिम परीक्षासम्म कुनै पनि विषय नलागी (हरेक खण्डको एकैपटक पूरा विषय) उत्तीर्ण गरी सर्वोत्कृष्ट अंक हासिल गरेका २०८० सालको दीक्षान्त कार्यक्रममा सहभागी वा हुन योग्य तथा ग्रेस लिष्टमा नामाङ्कन भएका विद्यार्थी हुनु पर्ने।
   ख) प्रमाण पत्र सहित नगद जनही रु. २५,०००।- (अक्षरेपी पच्चिस हजार मात्र)

**नोट:** १. सम्बन्धित क्याम्पसबाट भर्ना प्रमाणीत पत्र पेश गर्नु पर्ने
२. **बेलुविश्वेश्वर चटौत स्मृति पुरस्कारको लागि आवेदन दिने विद्यार्थीहरुले शोधपत्र (थेसिस) बुझाउन नपर्ने।**
३. **उल्लेख गरिएका सबै कागजातहरु अनिवार्य रुपमा आवेदन साथ पेश गरेको हुनु पर्ने छ।**

२०८०।१२।१२

समन्वय महाशाखा
कीर्तिपुर, काठमाडौं
फोन नं ०१-४३३१०४४
Email- info.cd@tu.edu.np

समन्वय महाशाखाको कार्यालय
त्रि.वि.कीर्तिपुर